वैठक संख्या ३

आज मिति २०७४ मंसिर २९ गते शुक्रवारका विहान ८:०० बजे बेलबारी नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुबेदी | प्रमुख | उपस्थिति |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थिति |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थिति |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थिति |
| ५ | श्री योगेन्द्र प्रसाद सुबेदी | सदस्य | उपस्थिति |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थिति |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थिति |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थिति |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थिति |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थिति |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थिति |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थिति |
| १३ | श्री यम बहादुर पोखेल | सदस्य | उपस्थिति |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थिति |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थिति |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थिति |
| १७ | श्री सुनीता चौधरी | सदस्य | उपस्थिति |
| १८ | श्री सुजान राजवंशी | सदस्य | उपस्थिति |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थिति |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थिति |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थिति |
| २२ | श्री गणेश प्रसाद दाहाल | प्र.प्रशासकिय अधिकृत | उपस्थिति |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | शाखा अधिकृत (सातौं) | उपस्थिति |
| २ | झमक भट्टराई | कार्यक्रम अधिकृत | उपस्थिति |
| ३ | रामचन्द्र गजुरेल | ना.सु. | उपस्थिति |
| ४ | बलराम गौतम | लेखापाल | उपस्थिति |
| ५ | कुमार बस्नेत | सब इन्जिनियर | उपस्थिति |

## प्रस्तावहरु

१। योजना तर्जुमा सम्बन्धि कार्यतालीका
२। आ.व.०७३।०७४ को यर्थाथ तथा आ.व.०७४।०७५ को प्रस्तावित आय विवरण साथै योजना तर्जुमाका प्राथमिकता निर्धारण र प्रक्रियाहरु
३। बेलबारी नगरपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि २०७४
४। बेलबारी नगरपालिका विपद् जोखिम व्यवस्थापन निर्देशिका २०७४
५। बेलबारी नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७४
६। बेलबारी नगरपालिका खानेपानी सरसफाइ तथा स्वच्छता कार्यविधि २०७४
७। नगरपालिकाको वैठक भत्ता र प्रवक्ता तोक्ने सम्बन्धमा

## निर्णयहरु

**निर्णय नं. १:** प्रस्ताव नं. १ छलफलमा प्रस्तुत हुदाँ बेलबारी नगरपालिकाको चालु आर्थिक ०७४/०७५ को लागि वार्षिक बजेट तथा नगरसभा तयारीको लागि पेश भएको तपशिल बमोजिमको समय तालीका पारित गर्ने निर्णय गरियो ।

**बार्षिक बजेट तथा नगरसभा तयारी समय तालिका**

| क.स. | मिति | बैठक बस्ने समय | कार्यसुची | कैफियत |
|---|---|---|---|---|
| १ | २०७४।७ ७ र ८ गते | विहान ११:०० बजे | राजश्व परामर्श समिति बैठक | सम्पन्न भई सकेको |
| २ | २०७४।८।२७ | दिनको १:०० बजे | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति बैठक | सम्पन्न भई सकेको |
| ३ | २०७४।८।२९ | विहान ८:०० बजे | नगरकार्यपालिका बैठक | |
| ४ | २०७४।९।१ | १:०० देखि ५:०० बजे | जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि योजना तर्जुमा अभिमुखिकरण | |
| ५ | २०७४।९।२ देखि ९।६ | | बस्ति स्तरको योजना माग संकलन | |
| ६ | २०७४।९।७ देखि १० | | वडा स्तरिय योजना प्राथमिकिकरण गरी नगरकार्यपालिकाको कार्यालयमा पठाउने | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७४।९।११ देखि १४ | | बिषयगत समिति अनुसार योजनाको एकिकृत रुप तयार गर्ने | |
| ८ | २०७४।९।१६ | विहान ११:०० बजे | बिधेयक समिति बैठक | |
| ९ | २०७४।९।१६ | दिउसो २:०० बजे | वातावरण तथा बिपद व्यवस्थापन समिति बैठक | |
| १० | २०७४।९।१७ | विहान ११:०० बजे | सार्वजनिक सेवा तथा क्षमता बिकास बैठक | |
| ११ | २०७४।९।१८ | विहान ११:०० बजे | आर्थिक बिकास समिति बैठक | |
| १२ | २०७४।९।१९ | विहान ११:०० बजे | सामाजिक बिकास समिति बैठक | |
| १३ | २०७४।९।२० | विहान ८:०० बजे | पुर्वाधार बिकास समिति बैठक | |
| १४ | २०७४।९।२१ देखि ९।२३ | | समितिबाट प्राप्त योजनाहरु एकिकृत गरी एकिकृत योजना तयारी | |
| १५ | २०७४।९। २४ | विहान ८:०० बजे | नगरकार्यपालिका बैठक | |
| १६ | २०७४।९।२५ देखि २७ | | नगरसभा तयारी | |
| १७ | २०७४।९। २९ | ११:०० बजे | नगरसभा | |

**निर्णय नं. २:** प्रस्ताव नं. २ मा पेश भएको बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०७३/०७४ को यर्थाथ तथा ०७४/०७५ को आय विवरण श्रोत अनुमान तथा सिमा निर्धारण समितिबाट सिफारिस भई आएको तपशिल बमोजिमको प्रस्तावित आयको विस्तृत विवरण र योजना तर्जुमाका प्राथमिकता निर्धारण र प्रक्रियाहरु समेत पारित गर्ने निर्णय गरियो ।

**आर्थिक वर्ष २०७३/२०७४ को यर्थाथ तथा २०७४/२०७५ को प्रस्तावित आय**

| आम्दानी संकेत नं. | आय शिर्षक | आ.व. २०७३/०७४ आषाढ सम्मको अथार्थ | आ.व. २०७४/७५ प्रस्तावित आय | कैफियत |
|---|---|---|---|---|
| | **क. आन्तरिक स्रोत** | | | |
| **१** | **स्थानीय कर** | | | |
| १.१ | मालपोत तथा भुमी कर | ९७५९६१.०० | २५०००००.०० | |
| १.२ | घर जग्गा कर | ५४६७५.९४ | ३०००००.०० | |
| १.३ | घर बहाल कर | ०.०० | ८०००००.०० | |
| १.४ | व्यवसाय कर | ६६९६७०.०० | १५०००००.०० | |
| १.५ | मवेशी तथा साप्ताहिक ठेक्का कर | ५०९१०२१.०० | ६१०००००.०० | |
| १.६ | पटके सवारी कर | ०.०० | १९२१११.०० | |
| १.७ | एकीकृत सम्पत्ति कर | ३४८१२५२.७५ | ४०७००००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १.८ | बक्यौता **सम्पत्ति कर** | ३०१४.०० | १०००००.०० | |
| १.९ | मनोरन्जन कर | ०.०० | १०००००.०० | |
| १.१० | विज्ञापन कर | १०१९००.०० | १५००००.०० | |
| | **जम्मा -१** | **१०३७७४९४.६९** | **१५८१२१११.००** | |
| २ | **सेवा शुल्क** | | | |
| २.१ | सवारी पार्किङ्ग शुल्क | ०.०० | ०.०० | |
| २.२ | पर्यटकीय विकास शुल्क | ०.०० | ५१०००००.०० | आम्दानीको ५०% अनुमान |
| २.३ | अचल सम्पत्ति मल्याङ्कन सेवा शुल्क | ३६४६७९.०० | ७५००००.०० | |
| २.४ | सरजमिन शूल्क | २४१०५०.०० | ५८२०००.०० | |
| २.५ | अन्य सेवा शुल्क | ०.०० | ५००००.०० | |
| | **जम्मा -२** | **६०५७२९.००** | **६४८२०००.००** | |
| ३ | **३. दस्तुर** | | | |
| ३.१ | दर्ता/नवीकरण दस्तुर | ३६२३८२.०० | ६३२०००.०० | |
| ३.२ | नक्सा पास दस्तुर | १८६०७५५.५७ | ३५५००००.०० | |
| ३.३ | घर नक्शा नामसारी दस्तुर | ३०००.०० | ८००००.०० | |
| ३.४ | घर निर्माण सम्पन्न प्रमाण पत्र दस्तुर | ५४०००.०० | ४२००००.०० | |
| ३.५ | घर बाटो प्रमाणित  दस्तुर | १३६३३९१.०० | २४०००००.०० | |
| ३.६ | व्यक्तिगत घटना दर्ता/पंजिकरण दस्तुर | २२१५४०.०० | ३५००००.०० | |
| ३.७ | विधुत सिफारिस दस्तुर | २४७५५०.०० | ५५००००.०० | |
| ३.८ | चार किल्ला प्रमाणित दस्तुर | ५३१८८९.५० | ९२५०००.०० | |
| ३.९ | सिफारिस तथा बक्सौनी दस्तुर | ११३५७१२.०० | २१०००००.०० | |
| ३.१० | नाता प्रमाणित/अन्य प्रमाणित दस्तुर | २७६६८५.०० | ३५००००.०० | |
| ३.११ | निवेदन/टिकट दस्तुर | ६८४८०.०० | १०००००.०० | |
| ३.१२ | अन्य दस्तुर | २७७६९२.०० | ३७७०००.०० | |
| | **जम्मा-३** | **६४०३०७७.०७** | **११८३४०००.००** | |
| ४ | **विक्री** | | | |
| ४.१ | चालु सम्पत्ति विक्री | १६७५.०० | ०.०० | |
| ४.२ | पूँजिगत सम्पत्ति विक्री | ०.०० | १०००००.०० | |
| ४.३ | निवेदन/टेण्डर फाराम बिकी | १५१०२५.०० | २८००००.०० | |
| ४.४ | अन्य विक्री | १९५०.०० | ५००००.०० | |
| | **जम्मा-४** | **१५४६५०.००** | **४३००००.००** | |
| ५ | **अन्य आय** | | | |
| ५.१ | दण्ड जरिवाना | ५९३४७.०० | १०००००.०० | |
| ५.२ | भाडा तथा बहालबाट आय | १८५८४८.०० | २०००००.०० | |
| ५.३ | धरौटी जफत/सदरस्याहा | २११९४८.०० | २५००००.०० | |
| ५.४ | अन्य विविध आय | १०९६०७०.४९ | ५०००००.०० | |
| ५.५ | गत बर्षको मौज्दात | ११७७२०४१.७७ | २२०९१८४३.९९ | |
| | **जम्मा-५** | **१३३२५२५५.२६** | **२३१४१८४३.९९** | |
| ६ | **स्रोत परिचालन** | | | |

| | | | | |
|---|---|---|---|---|
| ६.१ | स्रोत उपयोग करबाट बाँडफाँड | १५८५०००.०० | ३००००००.०० | |
| ६.२ | राजश्व बांडफांडबाट प्राप्त रजिष्ट्रेशन | २३६९९४७.९३ | ४४०००००.०० | |
| ६.३ | मुल्यअभिबृद्धि कर बाँडफाँडबाट प्राप्त | ०.०० | ०.०० | |
| ६.४ | अन्तशुल्कबाट प्राप्त | ०.०० | ०.०० | |
| ६.५ | वन क्षेत्रको आय | ०.०० | १०००००.०० | |
| | **जम्मा-६** | **३९५४९४७.९३** | **७५०००००.००** | |
| | **आन्तरिक स्रोतको कुल जम्मा** | **३४२१५४२४.९५** | **६५१९९९५४.९९** | |
| | **ख. बाह्य स्रोत** | | | |
| **१** | **अनुदान** | | | |
| १.१ | १.१ नेपाल सरकारबाट अनुदान | ७४२६६०००.०० | ०.०० | |
| १.२ | १.२ नेपाल सरकार शशर्त अनुदान | ०.०० | १२८०७३०००.०० | |
| १.३ | १..३ नेपाल सरकार बित्तिय समानिकरण अनुदान | ०.०० | २८५१०८०००.०० | |
| १.४ | १.४ सामाजिक सुरक्षा अनुदान | ५८७७४०००.०० | १२०४५६०००.०० | |
| १.५ | १.५ एलजिसिडिपी कार्यक्रम अनुदान | १४७३०००.०० | १३६५०००.०० | |
| १.६ | १.६ संघिय संरचना पुर्वाधार विकास कार्यक्रम | १००००००००.०० | ०.०० | |
| १.७ | १.७ नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रम | १४३७९०००.०० | ०.०० | |
| **२** | **अन्य अनुदान** | | | |
| २.१ | सडक बोर्ड नेपाल | ०.०० | ५७०००००.०० | |
| २.२ | जनसहभागिता | | ०.०० | |
| २.३ | लागत सहभागिता | ०.०० | १००००००००.०० | |
| २.४ | गाविस अनुदान | १३०३७७१२.९७ | ०.०० | |
| २.५ | गाविस सामाजिक सुरक्षा अनुदान | २९४१४८००.०० | ०.०० | |
| २.६ | जिससबाट अन्य अनुदान | ३९८७७३.०० | ०.०० | |
| २.७ | बाह्य स्रोत मौज्दात | ०.०० | १६५५०३११.३३ | |
| | **बाहय स्रोतको जम्मा** | **२०१७४३२८५.९७** | **५६७२५२३११.३३** | |
| | **कुल जम्मा** | **२३५९५८७१०.९२** | **६३२४५२२६६.३२** | |

## आर्थिक वर्ष २०७४/०७५ को प्रस्तावित आय विवरणको प्रतिशत

| आय शिर्षक | आय रु. | प्रतिशत | गत वर्षको मौज्दात | यस वर्षको खुद अनुमानित आय |
|---|---|---|---|---|
| आन्तरिक श्रोत | ६५१९९९५४.९९ | १०.३१ | २२०९१८४३.९९ | ४३१०८१११.०० |
| बाह्य श्रोत | ५६७२५२३११.३३ | ८९.६९ | १६५५०३११.३३ | ५५०७०२०००.०० |
| जम्मा आय | ६३२४५२२६६.३२ | १००.०० | ३८६४२१५५.३२ | ५९३८१०१११.०० |

## १. योजना तर्जुमाका प्राथमिकता निर्धारण तथा प्रक्रियाहरु

**(स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४(३) बमोजिम योजना तर्जुमा तथा कार्यान्वयन)**

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

घ) स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वंयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

ङ) स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने ।

## २. नगरपालिकाबाट थप योजना तर्जुमाका आधारहरु

### क) वडास्तरीय योजना

*वडास्तरीय योजना भन्नाले वडाभित्रका एक वस्ती र अर्को वस्ती/टोललाई प्रत्यक्ष फाइदा पुग्ने खालका पूर्वाधार तथा सामाजिक विकासका कार्यक्रमहरु बुझ्नु पर्नेछ ।*

- वडास्तरीय बजेट सिलीङ्गबाट योजना छनौट गर्दा कम्तिमा १ वटा योजना रु. २५ लाखको हुनु पर्नेछ ।
- वडास्तरीय बजेट सिलीङ्गबाट संचालन गरिने योजनाहरु भौतिक पुर्वाधार तर्फ कम्तिमा २ लाख ५० हजार भन्दा बढीका योजना छनौट गर्नु पर्नेछ ।
- वडाभित्र रहेका वडाले संचालन गर्नु पर्ने अधुरा क्रमागत (भवन, कल्भर्ट, सिचाई, खानेपानी आदी) जस्ता योजनाहरु । यदि अधुरा योजनाको हकमा चालु आ.व.नै २ लाख ५० हजार भन्दा कममा नै सम्पन्न हुने भएमा त्यस्ता योजना छनौट गर्ने,
- वडास्तरका स-साना मर्मत सम्भारका योजनाहरुको लागि अधिकतम ५ लाख सम्म बजेट बिनियोजन गर्न सकिने ।
- लागत साझेदारी ( कालेपत्रे तथा ढल निकासको हकमा नपा अनुदान ६०% र न्युनतम लागत सहभागिता ४०% र अन्य पुर्वाधारको हकमा नपा अनुदान ७०% र न्युनतम लागत सहभागिता ३०% ) को नगदै नगरपालिकाको संचित कोषमा अनिवार्य जम्मा गर्नु पर्नेछ ।

- समपूरक कोष र लागत साझेदारीताका योजनाहरुको लागि हरेक वडाहरुले न्युनतम रु १० लाख विनियोजन गर्नु पर्नेछ ।
- लागत सहभागिता जुटाउन नसक्ने पूर्वाधार विकासका योजनाहरुमा ग्राभेल तथा माटोको कामको हकमा कुल लागतको न्यूनतम २० प्रतिशत र संरचना निर्माणको हकमा न्युनतम १० % जनसहभागिता अनिवार्य जुटाउनु पर्नेछ ।
- वडा केन्द्र वा वडाको महत्वपूर्ण बजार क्षेत्रको भौतीक तथा पर्यावरणीय सुदृढिकरण गर्ने योजनाहरु,
- वडास्तरीय बजेटबाट लक्षित वर्ग र समुदायलाई लाभ पुग्ने योजना/कार्यक्रमहरु वडास्तरीय योजनामा नै समावेश गर्नु पर्ने । यस्ता प्रकृतिका कार्यक्रम आय आर्जन, सीप विकास र स्वरोजगार श्रृजना गर्ने खालका हुनु पर्नेछ ।
- वडास्तरीय योजनामा विषयगत क्षेत्र (कृषि, पशु, सिचाई, खानेपानी, वन, महिला विकास, स्वास्थ्य आदी) समेट्ने कार्यक्रमहरु छनौट गर्ने,
- गरिवी निवारण हुने प्रकृतिका आय आर्जनलाई बढावा दिई स्वरोजगार हुने कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने । महिला उधमसिलतालाई जोड दिने ।
- सुचनामैत्री एक वडा एक सुचना केन्द्र , बालमैत्री, वातावरणमैत्री, लैगिक अवधारण मैत्री अवधारणालाई सघाउ पुर्‍याउने प्रकृतिका कार्यक्रमहरुलाई प्राथमिकता दिने ।
- खुलादिशा मुक्त नगर घोषणलाई सघाउन पुर्‍याउने कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने ।
- फोहोरमैला व्यवस्थापनलाई सघाउ पुग्ने योजना तथा कार्यक्रमहरु हुनु पर्ने ।
- पुर्ण साक्षरता नगर घोषणा कार्यलाई सघाउ पुग्ने कार्यक्रमहरु पहिचान गर्ने ।
- स्थानीय श्रोत साधन र सिप उपयोगमा बढावा दिने कार्यक्रमहरुलाई प्राथकिकता दिने ।
- बैकल्पीक उर्जा, सुधारिएको चुलो प्रर्वद्धनका कार्यक्रमहरु
- भाषा संस्कृति कला साहित्य संरक्षण र विकासमा सहयोग पुग्ने कार्यक्रमहरु
- युवा परिचालन, किशोर किशोरी शिक्षा र खेलकुद विकास र प्रर्वद्धनमा सहयोग पुग्ने कार्यक्रमहरु ।
- एक वडा एक पहिचानमा आधारित कार्यक्रमहरु ।

**ख) नगरस्तरीय योजना**

*दुई वा सो भन्दा बढी वडाहरुलाई फाइदा पुग्ने पूर्वाधार तथा सामाजिक विकासका योजनाहरु नगरस्तरीय योजनाहरुलाई बुझाउछ ।*

● नगरस्तरीय योजनाहरु वडाबाट बढीमा ३ वटा सिफारिस गर्न सकिनेछ । प्रदेश र केन्द्रस्तरमा माग गर्ने योजनाहरु बढीमा एक वडाबाट ५ वटा सम्म सिफारिस गर्न सकिनेछ ।

○ नगरस्तरीय योजनाहरुको हकमा अधिकत लागत सहभागिता जुट्ने योजना वा कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइने ।

- ○ लागत सहभागिता जुटाउन नसक्ने पूर्वाधार विकासका योजनाहरुमा ग्राभेल तथा माटोको कामको हकमा  कुल लागतको न्यूनतम २० प्रतिशत र संरचना निर्माणको हकमा न्युनतम १० % जनसहभागिता अनिवार्य जुटाउनु पर्नेछ ।
- वातावरणीय सरसफाई तथा फोहर व्यवस्थापन
- पर्यटन प्रबर्द्धन तथा सिमसार व्यवस्थापन
- आयआर्जन र सीप विकास ।
- व्यवसायिक उद्यम विकास ।
- नगरस्तरिय महत्वका र ठुला प्रकृतिका पूर्वाधार सम्बन्धि कार्यक्रमहरु
- बिपद् ब्यवस्थापन र बिपद् निरोधात्मक कार्यक्रमहरु
- जैवीक विविधताको संरक्षण सम्वन्धी कार्यक्रमहरु ।
- महिला लक्षित उधम विकाससँग सम्बन्धित कार्यक्रमहरु
- सामुदायिक विकास अभियानका क्रियाकलापहरु
- स्वास्थ्य विमा तथा स्वास्थ्य सहकारी सम्बन्धी कार्यक्रमहरु

**३ योजना तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ६ को दफा ४ देखि ६ सम्म तथा बजेट तर्जुमा दिग्दर्शनको, २०७४ को दफा ४.४ बमोजिम निम्न प्रकृयाहरु अबलम्वन गर्नु पुर्नेछ :**

क) गाउँपालिका वा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दिर्घकालिन प्रकृतिका योजनाको सूचि समेत तयार गर्नु पर्नेछ ।

ख) गाउँपालिका वा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशविद्, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, आदीवासी जनजाती, दलित, यूवा, अल्पसख्यक, आपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको सरोकारवालाहरुको अधिकतम सहभागिता गर्नु पर्नेछ ।

ग) योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वाअनुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालीका र अनुगमन तथा मूल्याकंन योजना समेत तयार गर्नु पर्नेछ ।

घ) वडा समितिले प्राप्त आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधारमा टोल वा वस्तीस्तरबाट प्राप्त कार्यक्रमहरुलाई निम्नानुसारका विषयगत समिति अनुसार छुट्याई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरि पठाउनु पर्नेछ ।

**अ) सार्वजनिक सेवा तथा क्षमता विकास समितिको कार्यक्षेत्र:**

१. संगठन संरचना, दरबन्दी र कार्यविवरण

२. सुशासन र सेवा प्रवाह

३. क्षमता विकास सम्बन्धी विषय

**आ) सामाजिक विकास समितिको कार्यक्षेत्रः**

१. शिक्षा तथा खेलकूद सम्बन्धी

२. विज्ञान  तथा प्रविधी सम्बन्धी

३. स्वास्थ्य तथा जनसंख्या सम्बन्धी

४. लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी

५. सरकारी तथा गैर सरकारी संघ संस्था सम्बन्धी

**इ) पूर्वाधार विकास समितिको कार्यक्षेत्रः**

१. अल्पकालीन तथा दीर्घकालीन नीति, योजना र कार्यक्रम सम्बन्धी

२. उद्योग, वाणिज्य, श्रम, रोजगार तथा वजार व्यबस्थापन सम्बन्धी

३. कृषि, सिंचाई, सहकारी र गरिबी निवारण सम्बन्धी

४. पर्यटन प्रवर्द्धनसम्बन्धी

५. सूचना तथा संचार सम्बन्धी

६.  खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास सम्बन्धी

७. विद्युत र उर्जा सम्बन्धी

८. बस्ती विकास, शहरी योजना र भवन निर्माण सम्बन्धी

**ई) विधेयक समितिको कार्यक्षेत्रः**

१. नगर सभामा पेश हुने विधेयक सम्बन्धी

२. नगर सभामा पेश हुने नियम, विनियम, कार्यविधी सम्बन्धी

३. कुनै कानूनी प्रश्न समावेश भएको नीति तथा कार्यक्रम सम्बन्धी

**उ) आर्थिक विकास समितिको कार्यक्षेत्रः**

१. बजेट तथा स्रोत परिचालन सम्बन्धी

२. कृषि विकास सम्बन्धी

३. पशु पंक्षी विकास सम्बन्धी

४. नागरिकको आयआर्जन सम्बन्धी

५. स्रोतहरुको पहिचान सम्बन्धी

**ऊ) वातावरण तथा विपद व्यवस्थापन समितिको कार्यक्षेत्रः**

१. वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्वन्धी

२. फोहोर मैला ब्यवस्थापन सम्वन्धी

३. नगरको सौन्दर्यताको संरक्षण तथा विकास सम्वन्धी

४. वन संरक्षण सम्वन्धी

५. विपद पूर्व तयारी सम्बन्धी

६. विपदको समयमा गर्नुपर्ने कामहरु सम्वन्धी

७. विपद पछाडिको व्यवस्थापन सम्वन्धी

८. वन, वातावरण र भूमी व्यबस्थापन

ङ) वडा समितिले वस्तीस्तरबाट माग नभएका तर गाउँ वा नगरस्तरमा महत्वपूर्ण देखिएका आयोजना वा कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचिमा राखी पठाउन सक्नेछ ।

च) चालु आ.व.२०७४/०७५ को लागि पूंजिगत तर्फ रु. ७५ लाख र चालु तर्फ रु. ५ लाख गरी जम्मा ८० लाख बराबर वडागत बजेट सिलीङ्ग पठाउन नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३, ४, ५ र ६ मा पेश भएको बेलबारी नगरपालिकाको कार्य संचालन प्रभावकारी र व्यवस्थित बनाउनको लागि विधेयक समितिबाट सिफारिस भई आएका तपशिल बमोजिमका ३ वटा कार्यविधि र १ वटा निर्देशिका पारित गर्ने निर्णय गरियो ।

(क) बेलबारी नगरपालिकाका मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७४

(ख) बेलबारी नगरपालिका विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०७४

(ग) बेलबारी नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७४

(घ) बेलबारी नगरपालिका खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधि, २०७४

**निर्णय नं.४:** प्रस्ताव नं.७ छलफलका लागि पेश हुदाँ नगर कार्यपालिका र नगरसभाको वैठक भत्ता प्रति वैठक रु. १५००।०० (अक्षेररुपी एक हजार पाच सय) र वडा समितिको वैठक भत्ता प्रति वैठक रु. १०००।०० (अक्षेररुपी एक हजार) यसैगरी बेलबारी नगरपालिकाको प्रवक्ता वडा नं.३ का वडाध्यक्ष श्री योगेन्द्र प्रसाद सुवेदीलाई तोक्ने निर्णय गरियो ।